कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.सः ०८०/०८१
च.नं. २१४६

मितिः२०८०/०८/१५

श्री सामुदायिक तथा संस्थागत मा.वि. हरु (सबै),
कालिका नगरपालिका,चितवन

विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि गराउने सम्वन्धमा ।

कालिका नगरपालिकाको मिति २०८०/०८/१५ को निर्णय एवम् राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका -२०७०, अनुसार यस नगरपालिकाको आयोजनामा २०८० पौष ४ र ५ गते सम्म सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस नगरपालिका भित्रका माध्यामिक विद्यालयहरुले सहभागी हुन मिति २०८० मंसिर २२ गते सम्ममा जन्म दर्ता वा नागरिकताको विद्यालयवाट प्रमाणित प्रतिलिपि सहित नाम दर्ता गराउन हुन अनुरोध छ। अन्यथा सहभागि गराउन नसकिने व्यहोरा जानकारी गराइन्छ ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालनका आधारहरुः

- प्रत्येक विद्यालयले राष्ट्रपति रनिङ शिल्डका प्रत्येक खेलको लागि माध्यामिक तह (कक्षा-१२) सम्मका नियमित छात्र छात्रा सहभागी गराउनु गर्नेछ। सहभागि विद्यार्थीले तोकिए बमोजिमको फारम भर्नुपर्ने छ।
- सहभागी छात्र छात्राहरुको उमेर १८ वर्ष ननाघेको हुनु पर्नेछ। गैर विद्यार्थीलाई सहभागी गराउन पाइने छैन।
- सहभागी विद्यार्थीहरुको आधिकारिकता परीक्षण प्राविधिक समितिवाट गराइने छ र सो समितिको निर्णय अन्तिम हुनेछ।
- भलिबल खेलका लागि प्रत्येक सहभागी समुहमा ९-९ जना छात्र तथा छात्रा सहभागी गराउनु पर्नेछ।
- एथलेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलको हकमा महिला तथा पुरुषका प्रत्येक इभेन्टमा १/१ टिम र अन्य प्रत्येक इभेन्ट्समा बढिमा दुई जना खेलाडीहरुलाई सहभागी गराउन सक्ने छ।प्रत्येक खेलाडीले वढिमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउने छ।
- २०८० मंसिर २५ गते टाई सिट ड्र गरिने छ।
- प्रत्येक खेलमा रेफ्रिले गरेको निर्णयनै अन्तिम निर्णय हुने छ।
- प्रत्येक विद्यालयले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता उद्घाटनको दिन अर्थात २०८० पौष ४ गते विहान १० वजे मार्च पासका लागि २०-३० जना खेलाडी सहितका विद्यार्थी सहभागी गराउनु पर्नेछ।
- प्रत्येक विद्यालयले आफ्नो विद्यालयवाट सहभागिता जनाउने विद्यार्थीहरुको लागि खाजा, खाना, पोषाक लगायतको व्यवस्था विद्यालय आफैले गर्नुपर्ने छ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन हुने स्थान शहिद स्मृति बहुमुखी क्याम्पसको पदमपुर शाखाको प्राङ्गण । भलिवलको खेल श्री मा.वि. रेडक्रसग्रामको प्राङ्गणमा हुनेछ।

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

- मार्सल आर्ट तर्फका खेल कराँते र तेक्वान्दोको हकमा कम्तिमा ३ वटा विद्यालय समावेस भएमा मात्र खेल आयोजना गरिनेछ।

- संचालन हुने खेलहरुको विवरणः
  - ✓ भलिवलः छात्र - छात्रा
  - ✓ एथलेटिक्सः
    - ❖ दौड ( ट्र्याक) तर्फ
      छात्रः १०० मि., २००मि, ४०० मि., ८०० मि., ४×१०० मि. रिले

      छात्राः १०० मि., २००मि, ४०० मि., ८०० मि ,४×१०० मि. रिले,
    - ❖ उफ्रने र फ्याँक्ने ( फिल्ड) तर्फः
      छात्रः हाइजम्प, लङजम्प, सटपुट १२ पाउण्ड
      छात्राः हाइजम्प, लङजम्प, सटपुट ८ पाउण्ड
  - ✓ मार्सल आर्ट तर्फः
    - ❖ कराँतेः
      छात्रः U- ४२ केजी., U -४७ केजी , U-५२ केजी
      छात्राः U- ४० केजी., U -४५ केजी , U-५० केजी
    - ❖ तेक्वान्दोः
      छात्रः U- ४५ केजी., U -४८ केजी , U-५१ केजी
      छात्राः U- ४२ केजी., U -४४ केजी , U-४६ केजी

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुख ज्यू , कालिका नगरपालिका चितवन
श्रीमान् नगर उप-प्रमुख ज्यू , कालिका नगरपालिका चितवन
श्रीमान् प्रमुख प्रशासकीय अधिकृत, कालिका नगरपालिका चितवन

गंगाधर रिमाल
अधिकृतस्तर दशौं

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np